# मरिण गाउँपालीका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


visit Nepal 2020 Lifetime Experiences

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

मिति :- २०७६/१२/०५

विशेषतः न्यून विद्यार्थी संख्या तथा भौगोलिक विकटताको कारण तह तथा कक्षा घट्न वा विद्यालय बन्द हुन गएको कारण शिक्षा आर्जन गर्न वालवालिका घरवाट टाढा जानुपर्ने वा विचैमा पढाई छाड्नुपर्ने अवस्था श्रृजना नहोस भन्ने उदेश्य राखि मरिण गाउँपालिकाको छैटौं गाउँ सभावाट आवासीय विद्यालय संचालन गर्न वजेट विनियोजन भएकोमा कार्यपालिकाको मिति २०७६/१२/०४ को बैठकवाट गाउँपालिका अन्तर्गत संचालित कुनै एक माध्यमिक विद्यालयमा छात्रवासको सुविधा सहित शैक्षिक सत्र २०७७ वाट उक्त कार्यक्रम संचालन गर्न प्रस्ताव आह्वान गर्ने निर्णय भएकोले तपसिलमा उल्लेखित सुविधा रहेका इच्छुक माध्यमिक विद्यालयहरुवाट विद्यालय व्यवस्थापन समितिको निर्णय सहित ७ दिन भित्र प्रस्तावना पत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । उक्त कार्यक्रम गाउँपालिकावाट स्वीकृत कार्यविधि बमोजिम विद्यालय, वालवालिकाको अभिभावक र गाउँपालिकाको त्रिपक्षीय सम्झौताबाट संचालन हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**आवश्यक सुविधाहरु**

१. चारपाङ्ग्रे यातायातका साधन आवतजावत गर्न वाटोको सुविधा रहेको स्थानमा कम्पाउण्ड वाल सहित कम्तीमा १० कोठाको छुटै भवन र सौचालय भएको ।

२. विद्यालय संचालन भवन र छात्रवास संचालन भवनको दुरी बढी १ कि.मि. सम्म भएको ।

३. छात्रवास संचालन हुने भवन सम्भव भएसम्म समुदायको विचमा भएको ।

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत